## मिति २०८२/३/१३ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

**तपशिल**

१. नदिजन्य पदार्थको ठेक्कामा पेश गरेका बैक जमानत फिर्ता सम्बन्धमा ।

२. विविध सम्बन्धामा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.मा यस नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विभिन्न नदी, खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विकी निकासी गर्ने कार्यको लागि सूचना प्रकाशन भएकोमा सूचना बमोजिम बोलपत्रदाताहरुले बोलपत्र दर्ता गराएकोमा शिवराज नगरपालिका, गौतमबुद्ध डिभिजन वन कार्यालय चन्द्रौटा, शिवराज साझेदारी वन उपभोक्ता समितिले बाटो अवरोध गरेको साथै डिभिजन बन कार्यालय सन्धिखर्कले बन क्षेत्रभित्रका खोलाहरुबाट उत्खनन् गर्ने कार्य नगर्न भनि पत्र मार्फत असहमती जनाई कार्य गर्न नसकिने वातावरणको श्रृजना गरेकोले उक्त कार्यको लागि बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुसँग सम्झौता नगरेको हुदाँ निजहरुले बोलपत्र दर्ता गर्दा राखेको विड सेक्यूरिटी वापतको जमानतहरु सवै फिर्ता तथा फुकुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**(क)** मिति २०८२/२/२६ गतेको कार्यपालिका बैठकबाट माध्यमिक तह निःशुल्क शिक्षा व्यवस्थापन तर्फ चालु आ.व.को रकम विनियोजन गर्दा सरस्वती मा.वि.सितापुरलाई रु ५,३०,०००।- दिने भनि निर्णय भएकोमा उक्त निर्णयलाई संसोधन गरी सो विद्यालयको लागि चालु आ.व.२०८१/०८२ मा गत विगत आ.व.हरुमा दिदै आएको रकम रु ८,००,०००।- नै दिने र आगामी आ.व. २०८२/०८३ देखि अन्य विद्यालय सरह रु ४,००,०००।- दिने ।

**(ख)** चालु आ.व.मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तर्फका योजना कार्यान्वयन गर्ने क्रममा कार्यविधि बमोजिम २० प्रतिशत स्थानीय तहले र ८० प्रतिशत स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट व्यर्होनु पर्नेमा स्थानीय तहले व्यर्होने २० प्रतिशत रकम नपुग भएकोले नपुग हुने रकम रु १५,०००।- चालु आ.व.मा थप वडा कार्यालय भवन निर्माण भनि बिनियोजन भएको शिर्षकमा रहेको रकमबाट समपुरक व्यहोर्ने ।

**(ग)** चालु आ.व.मा दरवन्दी मिलान गर्दा शितगंगा न.पा. वडा नं. १० मा सञ्चालित श्री भृकुटी आधारभुत विद्यालयमा बाल विकास मात्र कायम भएको, शैक्षिक सत्र २०८२ मा उक्त विद्यालयमा बाल विकासमा समेत विद्यार्थी भर्ना नभएकोले बाल विकास सहजकर्तालाई श्री सुवोधिनी मा.वि.शिनपा १० मा कामकाज गराउने र सुवोधिनी मा.वि.बाटै तलव भत्ता पाउने गरी व्यवस्थापन गर्ने । यदी भृकुटी आ.वि.मा बाल विकास तर्फ विद्यार्थी भर्ना भएमा पुन भृकुटी आ.वि.मै फिर्ता गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... अर्घाखाँची

(घ) यस नगरपालिकाको ठाडा अमराई जुकेना देउराली ऐरावती सडक (पतञ्जली मार्ग) स्तरोन्नती गर्ने कार्य गर्न श्री भुसाल निर्माण सेवा सनपा २ अ.खा. र यस कार्यालय विच मिति २०८१/०९/७ गते सम्झौता भएको। उक्त सम्झौता बमोजिम सडक स्तरोन्नती गर्ने कार्य मिति २०८२ साल बैशाख १५ गते सम्मको म्याद रहेको र मिति २०८२/२/१३ मा म्याद समाप्त भएको समयावधि देखि मिति २०८२/२/१५ गते सम्मको म्याद थप गरिएको अवस्थामा ब्यावसायिको तर्फबाट मिति २०८२/२/१५ मा सम्झौता बमोजिमको कार्य सम्पन्न भएकोले भुक्तानी पाउँ भनि निवेदन पेश गरेको अवस्था रहेको छ। उक्त कार्यको भुक्तानीको प्रकृया अगाडी बढाउने सम्बन्धमा ढलाई कार्यको ल्याव टेष्ट गर्दा समस्या देखिएकोले कार्य पुन: मर्मत नगरेसम्म भुक्तानी हुन नसक्दा व्यवसायीको तर्फबाट मिति २०८२/२/१९ गते कामको एक भाग आरसिसि ढलान सेट नभई धेरै ठेकदारहरुको सो ठाउँमै काम भैरहेको हुँदा लोड गाडीहरुको चाप बढी भएको हुनाले एक भाग आरसिसि ढलान मर्मत गर्नु पर्ने भएकोले म्याद थप गरि दिन भनि निवेदन दिएको।

उल्लेखित विषयमा कार्यालयबाट विभिन्न कारणहरु तथा अवस्था उल्लेख गरी कार्यालयबाट सम्झौताको म्याद थपको लागि पेश भएकोमा निर्माण व्यावसायीले पेश गरेको कार्य तालिका र प्राविधिक कर्मचारीको सिफारिस बमोजिम सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० र संसोधित सार्वजनिक खरिद (चौधौं संसोधन) नियमावली, २०८२ को १९ बमोजिम समाप्त भएको समयावधि देखि सम्झौतामा उल्लेखित रकम बाहेकको थप आर्थिक दायित्व नपर्ने गरी २०८२ साल असोज मसान्त सम्म कार्यालयले आवश्यक प्रकृया पुर्‍याई म्याद थप गरि दिने।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो।

२०८२/८/१२

प्रमुख प्रशासकीय अधिकृत

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल